## वर्तमान : एउटा पर्खाल वरिपरि

कतै कहीँ अनिष्टाको भयको सूचना
आकाशमा बादल कालो मडारिरहेछ
मन भयले काँपकाँपी उठ्छ
सर्वसाधारण मानिसहरू
अधिकांश मानिसहरू यस धरतीका
सधैँ एउटा त्रासदीमा बाँच्छन्
त्रासमा बाँच्छन्
बाढी वा पहिरोको प्रकोप
जिन्दगी सोतर बगाउँछ
हिँड्दा हिँड्दै अचानकको दुर्घटना
बाली र धनजनको क्षय
असिना र लुको प्रहार
भूकम्प्प पीडा
अग्नि, बडवानलको पीडा
छातीमा साँच्छ, सहन्छ, भोग्छ
युद्धको साइरनले उत्तिकै झस्कन्छ
आहत र क्षत-विक्षत
मूल्यवृद्धिको थाम्न नसकिने भारमुनि
जिन्दगी श्रापित दब्छ
सधैँ महामारीको जस्तो प्रहारले
कुरुप अनुहार ।

आह ! स्वतन्त्रता र मुक्तिकी देवी
कहिले हाम्रो शिरमाथि
आफ्नो वरद हातले
कृपाले,
कृपादृष्टिले राख्ने हो ?

एकपछि अर्को गर्दै
अपमानको वलिवेदीमा होमिनुको श्रापबाट
करकापबाट
निर्बन्ध हुने हो ?

अबन्धनको मर्यादित जीवन
कहिले बाँच्न पाउने हो ?
आज त एउटा कल्पना मात्र
एउटा स्वैरै कल्पना मात्र ।

एउटा दैत्यले निरन्तर पिरोलिरहेछ
शोषणको, अभावको, दरिद्रताको सम्प्रभ,
हामी केही गर्न सक्दैनौँ
निरीहतामा मात्र बाँच्छौँ
एउटा पर्खाल ढल्न नपाउँदै
असङ्ख्य पर्खालहरू सिर्जना गर्छौँ
आफैलाई प्रतिबन्धित गर्न
कैद गर्न
पराधिनतामा ।

६६६